# सुनापतिगाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
**हिलेदेवी,रामेछाप**
३ नं. प्रदेश, नेपाल


मिति : २०७५/०७/३०

प.स. २०७५/७६
च.नं:-

## निर्माण कार्यको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

सुनापति गाउँपालिकाको आ.व. ०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले ईजाजतप्राप्त ईच्छुक निर्माण व्यवसायीबाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक सिलबन्दी दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र दस्तुर बापत तपसिलमा उल्लेख भएबमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम बुझाइ आ.व. २०७५/०७६ को लागी नविकरण गरिएका ईजाजतपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समय भित्र यस कार्यालयबाट सम्बन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनभित्रमा यसै गाउँकार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरु खरिद गर्न सक्नेछ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३.कार्यालयबाट बिक्री भएका सिलबन्दी दरभाउपत्र पुस्तिकामा भनुपर्ने सम्पूर्ण पानाहरुमा सहीछाप गरी सिलबन्दी साथ खाम बाहीर कार्यालयको नाम ठेगाना ठेक्का नं. कामको विवरण र फर्मको नाम स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित मितिले १६ औं दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५(अढाई प्रतिशत)ले हुने रकम यस कार्यालयको रा.बा. बैंक मन्थली, रामेछाप स्थित धरौटी खाता नं. १६८०३०३००७१०४ मा जम्मा गरी सक्कल बैंक भौचर वा घटिमा सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) अनिबार्य रुपले पेश गर्नु पर्नेछ ।

५. बिलअफ क्वान्टिटि, स्पेसिफिकेशन समाबेश भएको सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरु यस कार्यालयबाट उपलब्ध गराईनेछ । यो सूचना तथा सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरुमा उल्लेखित भएका शर्त बमोजिम प्राप्त नभएका सिलबन्दी दरभाउपत्रमाथी कार्यालयले कुनै कारबाही गरिने छैन ।

६. सिलबन्दी दरभाउपत्र शर्त सहित भएको, केरमेट भएको र कार्यालयले उपलब्ध गराएको सिलबन्दी दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएका, रीत नपुगेका, सूचनाका शर्त विपरित भएको सिलबन्दी दरभाउपत्र माथी कारबाही हुने छैन ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरुको प्रत्येक पानाहरुमा सिलबन्दी दरभाउपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ । सिलबन्दी दरभाउपत्रको प्रत्येक आइटम दररेट (मूल्य अभिबृद्धि कर बाहेक) अङ्क र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनुपर्नेछ ।

८.एक फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइनेछैन ।
९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यलयमा निहित रहनेछ ।
१०. यस सम्बन्धि अन्यथप कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुनअनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण र स्थान | कल लगत ईष्टमेट रकम( मू.अ.कर र कन्टिन्जेन्सी रकम बाहेक) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर(फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | **SRM/RCH/RD/NCB/4/075-76** | सादी भलायखर्क खानीखोला सम्म्म सडक स्तरोन्नती योजना | १६,९७,५३०.६८।- | १०००। (एक हजार रुपैया) | |
| २ | **SRM/RCH/RD/NCB/05/075-76** | सिम्पानी धारापानी बोझिनी तिमालडाँडा सडक स्तरोन्नती | १२,७२,९२५.९८।- | १०००। (एक हजार रुपैया) | |
| ३ | **SRM/RCH/RD/NCB/06/075-76** | गाल्पा सिम्पानी मोड विस्तार र वाल निर्माण | १२,७३,५४४.४२।- | १०००। (एक हजार रुपैया) | |
| ४ | **SRM/RCH/RD/NCB/07/075-76** | डहू मा.वि.विद्युत ट्रान्समिटर मध्यपहाडी लोकमार्ग जोडने सडक स्तरोन्ती योजना | १२,७३,०८३.८६।- | १०००। (एक हजार रुपैया) | |
| ५ | **SRM/RCH/RD/NCB/08/075-76** | जोम्सा आर्दश टोल लोप्रांग सडक नया ट्रयाक योजना | १६,९८,५९८.०८।- | १०००। (एक हजार रुपैया) | |

प्रमुख प्रशासकिय अधिकृत